# सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण प्रतिवेदन: बागलुङ जिल्ला

## २०७८/७९





नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

# सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण प्रतिवेदनः बागलुङ जिल्ला २०७८/७९

प्रकाशन वर्षः २०८३

प्रकाशकः शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर।
Education Review Office [ERO], Sanothimi Bhaktapur

© सर्वाधिकारः प्रकाशकमा

सम्पादनः

जयराम अधिकारी, महानिर्देशक
देवीराम आचार्य, निर्देशक

फोनः ०१-६६३२११८, ६६३१५९१

वेबसाइटः www.ero.gov.np
इमेलः performanceauditero@gmail.com

# प्राक्कथन

शैक्षिक गुणस्तर परीक्षण केन्द्र शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत केन्द्रीय निकायको रूपमा रहेको छ। शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा ७ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भन्ने व्यवस्था छ। शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउने र नीतिगत सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउने केन्द्रको मुख्य कार्यजिम्मेवारी रहेको छ। विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, शैक्षिक निकाय तथा विद्यालयको कार्यसम्पादन परीक्षण, प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन परीक्षण, प्रारम्भिक सिकाइ तथा विकास स्तरमा आधारित परीक्षण र अन्य समसामयिक शैक्षिक मुद्दामा अनुसन्धान गरी शैक्षिक नीति, योजना र कार्यक्रम निर्धारण गर्न प्रमाणमा आधारित सुझाव उपलब्ध गराउने केन्द्रका विशिष्टीकृत कार्य हुन्। यसले आफ्नो स्थापना कालदेखि नै विभिन्न शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दै आएको छ।

केन्द्रबाट आर्थिक वर्ष २०७३/७४ देखि कार्यसम्पादन परीक्षणको कार्यढाँचा र साधनमा एकरूपता कायम गरी नियमित रूपमा सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण हुँदै आएको छ। यसै क्रममा आर्थिक वर्ष २०७८/७९ मा बागलुङ जिल्लाको १० स्थानीय तहको १०९ सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

केन्द्रको समग्र कार्यमा यस अवधिमा मार्गदर्शन गर्नुहुने मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, श्रीमान् सचिवज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस परीक्षणमा मार्गदर्शन गर्नुहुने कार्यसम्पादन परीक्षण समिति, मन्त्रालय एवम् केन्द्रीय निकायका पदाधिकारीहरूमा हार्दिक धन्यवाद छ। परीक्षण कार्यमा खटिने विज्ञ परीक्षकहरू, सम्बद्ध शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धित स्थानीय तहका पदाधिकारी, शिक्षा शाखाका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्बद्ध सबैमा धन्यवाद छ। अध्ययन कार्यमा संलग्न केन्द्रका सबै कर्मचारीहरू, प्रतिवेदन प्रकाशन चरणमा सम्पादन कार्य तथा विद्युतीय प्रकाशन कार्यमा संलग्न निर्देशक श्री देवीराम आचार्य, शाखा अधिकृत श्री विमला मिश्र, शाखा अधिकृत श्री इन्द्रप्रसाद भट्टराईलाई धन्यवाद छ। यस प्रतिवेदनको प्रयोगबाट विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, व्यवस्थापन तथा सेवाप्रवाहमा आवश्यक सुधार पुग्ने अपेक्षा यस केन्द्रले गरेको छ।

जयराम अधिकारी

महानिर्देशक

# प्रतिवेदनको सारांश

विद्यालयहरूको कार्यसम्पादन परीक्षण आन्तरिक र बाह्य रूपमा गरी कार्यसम्पादनमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने अभ्यास संसारका धेरै देशहरूमा अभ्यासमा रहेको छ। नेपालमा पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापनासँगै विद्यालय तथा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यको संस्थागत थालनी गरेको छ। यस्तो परीक्षणको मुख्य उद्देश्य संस्थागत जवाफदेहितामा वृद्धि गरी नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नु हो। विद्यालको समग्र कार्यसम्पादनस्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले विद्यालय कार्यसम्पादन परीक्षण गर्ने अभ्यास चलिरहेको छ र यो क्रममा वृद्धि हुदैं छ। हालैका दिनमा स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन पद्धतिले विद्यालयको कार्यसम्पादन परीक्षण र स्तरीकरणलाई समावेश गरेको छ।

शैक्षिक निकायहरूको कार्य परिणाममुखी र जवाफदेही बनाउन स्वतन्त्र निकाय वा व्यक्तिहरूबाट यस्तो परीक्षण गराई सोका आधारमा ती निकायहरूको स्तर निर्धारण गर्नु र अन्य नीतिगत निर्णय लिने प्रयोजनका लागि कार्यसम्पादन परीक्षणको सुरुवात भएको थियो। सुरुवाती दिनहरूमा कार्यसम्पादन परीक्षणमा विद्यार्थीको भर्ना, सिकाइ र उत्तीर्ण दर जस्ता तथ्याङ्कीय सूचकलाई मात्र आधार मानिन्थ्यो भने हाल आएर विद्यालयको कार्यसम्पादन परीक्षणमा लगानी, प्रक्रिया र उपलब्धिका विभिन्न पक्ष र सूचकको लेखाजोखा गर्ने गरिन्छ।

नेपालमा पनि विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने कार्य संस्थागत रूपमा विकसित गरिएको छ। विद्यालयको परीक्षण कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट छनोट भएका विद्यालयमा बार्षिक रूपमा गरिदै आएको छ। केन्द्रले स्वीकृत कार्यसम्पादन परीक्षण ढाँचा र साधनको प्रयोग गरी वार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्दै आएको छ।

यो प्रतिवेदनमा गण्डकी प्रदेशअन्तर्गतको बागलुङ जिल्लाका १० वटा स्थानीय तहका १०९ वटा विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजालाई प्रस्तुत गरिएको छ। नेपालको संविधान, २०७२ ले विद्यालय तहको शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची र अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षालाई एकल अधिकारको रूपमासमेत व्यवस्था गरेकाले यो प्रतिवेदनमा विद्यालय कार्यसम्पादनको नतिजालाई जिल्लागत र स्थानीय तहगत रूपमा समेत विश्लेषण गरिएको छ।

कार्यसम्पादन परीक्षण गरिएका १०९ ओटा विद्यालयमध्ये ३३ ओटा विद्यालयको कार्यसम्पादनस्तर मध्यम र ७६ वटा विद्यालयको सामान्य स्तरमा रहेको छ, उत्तम र कमजोर स्तरका विद्यालय रहेका छैनन्। बागलुङ नगरपालिकामा रहेको मुक्तिनाथ वेद विद्याश्रम संस्कृत मा. वि. को कार्यसम्पादनस्तर अत्यन्तै कमजोर (४१.८७) रहेको छ भने बागलुङ नगरपालिका कै गणेश मा. वि. नारायणस्थानको सबैभन्दा राम्रो (८९.८८) रहेको पाइयो। यी दुई विद्यालयको प्राप्त अङ्कमा दोब्बर भन्दा पनि बढी फरक रहेको छ।

**कार्यसम्पादनको समग्रस्तर**

कार्यसम्पादनको औसत प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा लगानी र प्रक्रियामा क्रमशः ६७.४८ प्रतिशत र ५६.९४ प्रतिशत र उपलब्धिमा ७४.७६ प्रतिशत रहेको पाइएको छ। उपक्षेत्रगत रूपमा हेर्दा सिकाइ उपलब्धिको सबैभन्दा बढी ८०.४३ प्रतिशत देखिन्छ भने सबैभन्दा कम शिक्षकको पेसागत विकासमा ४०.४५ प्रतिशत रहेको छ।

**विद्यालयहरूको समग्र नतिजा**

कार्यसम्पादन परीक्षण गरिएका १०९ विद्यालयहरूको परीक्षणबाट प्राप्त समग्र नतिजाअनुसार ४० प्रतिशतभन्दा कम नतिजा प्राप्त गर्ने विद्यालय अत्यन्तै कमजोर विद्यालयको रूपमा वर्गीकृत गरिन्छ। सोहीअनुसार ४० देखि ७० सामान्य, ७० देखि ९० मध्यम र ९०—१०० प्रतिशत प्राप्त गर्ने विद्यालय उत्तमस्तरमा पर्छन। सअनुसार उत्तमस्तरको कार्यसम्पादन भएका विद्यालय रहेको छैन भने सामान्यमा ७६ विद्यालय र मध्यममा ३३ विद्यालय रहेका छन्।

**लगानी क्षेत्रको समग्र नतिजा**

कार्यसम्पादन परीक्षणको लगानी क्षेत्रमा कार्यसम्पादनको नतिजा सामान्यस्तरमा रहेको छ। लगानीको कुल अङ्कभार ८१ रहेकोमा अधिकतम अङ्क ७६ र न्यूनतम अङ्क ३२ रहेको छ। लगानीको समग्र कार्यसम्पादनको नतिजाले विद्यालयको लगानी क्षेत्रमा थुप्रै सुधारका कार्य गर्नुपर्ने देखिन्छ।

**प्रक्रिया क्षेत्रको समग्र नतिजा**

विद्यालयमा शिक्षण सिकाइ तथा अन्य शैक्षिक प्रक्रियाको आधारमा कार्यसम्पादनको स्तर राम्रो देखिँदैन। प्रक्रियाको कुल अङ्क १३८ रहेकोमा अधिकतम अङ्क १३१ र न्यूनतम अङ्क ३८ रहेको छ। यसले विद्यालयको प्रक्रिया क्षेत्रमासमेत थुप्रै सुधारका कार्य गर्नुपर्ने देखिन्छ।

**उपलब्धि क्षेत्रको समग्र नतिजा**

विद्यालयमा गरिएको उपलब्धिको आधारमा कार्यसम्पादनको नतिजामा कमजोरी रहेको छ। उपलब्धिको कुल अङ्क ४५ रहेकोमा अधिकतम अङ्क ४१ र न्यूनतम अङ्क १७ रहेको छ। यसले विद्यालयको उपलब्धिको क्षेत्रमा थुप्रै सुधारका कार्य गर्नुपर्ने आवश्यकता औँल्याउछ।

**विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा समग्र नतिजा**

सेवा प्रवाहको अधिकतम अङ्क ५ रहेकोमा ५ अङ्क नै प्राप्त गरी सेवा प्रवाहमा उत्तम देखिएका विद्यालयको सङ्ख्या १४ रहेको छ।

**स्थानीय तह**

स्थानीय तहका विद्यालयको नतिजाका आधारमा ढोरपाटन, तमानखोला र बडिगाडका विद्यालयको कार्यसम्पादन परीक्षण अन्य स्थानीय तहकव तुलनामा कमजोर रहेको छ।

**सुझावहरू**

- कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजा ७०% भन्दा कम भएकाले सामुदायिक माध्यमिक विद्यालयको समग्र गुणस्तर सन्तोषजनक नरहेको।
- विद्यालयहरूको पूर्वाधार र भौतिक संरचना, शिक्षक कक्षा शिक्षण, पेसागत विकास जस्ता प्रक्रियागत पक्ष अत्यन्तै कमजोर देखिएको छ। त्यसै गरी विद्यालयहरूको आन्तरिक सक्षमता (नियमितता, विद्यालय छाड्ने र दोहोऱ्याउने दर आदि) मा पनि अवस्था कमजोर रहेको छ।
- एकै जिल्लाका स्थानीय तहका विद्यालयको कार्यसम्पादनबिच भिन्नता उल्लेख्य छ। त्यस प्रकारको भिन्नता हुनाको कारण पहिचान गरी समानस्तर कायम गर्नेतर्फ ध्यान दिन आवश्यक छ।
- प्रत्येक स्थानीय तहले सबै विद्यालयहरूको नियमित कार्यसम्पादन परीक्षण गरी विद्यालयहरूको स्तर निर्धारण गरी सार्वजनिक गर्नुका साथै विद्यालय सुधारका कार्यक्रमहरू तय गर्नुपर्ने।
- कार्यसम्पादन परीक्षण सकिएपछि प्रत्येक विद्यालयमा त्यसका नतिजाको सार्वजनिकीकरण गर्नुपूर्व विद्यालयका सरोकारवाला र निगरानी गर्ने निकायको समेत अनिवार्य उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यशालाको आयोजना गरी सुधारका रणनीति तय गर्ने,
- विद्यालयका शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवाला निकायबिचमा कार्यसम्पादन परीक्षणको नतिजाका आधारमा सुधारका लागि नियमित छलफल र अन्तरक्रिया गर्न आवश्यक रहेको।

अन्त्यमा, यो प्रतिवेदनमा बागलुङ जिल्लाका विद्यालयहरूको कार्यसम्पादन स्तरको सूचकगत औसत अवस्था प्रस्तुत गरिएको छ। जिल्लाभित्रका प्रत्येक विद्यालयहरूको कार्यसम्पादन स्तरको स्थानीय तहगत तुलनात्मक अवस्थासमेत प्रस्तुत गरिएको छ। ती सूचकहरूले देखाएको प्रवृत्तिको प्रस्तुतिबाट जिल्ला र सम्बन्धित स्थानीय तहलाई विद्यालयहरूको समग्र कार्यसम्पादन स्तरको बारेमा अनुमान गर्न सहज भई शैक्षिक क्षेत्रको सुधार र अरू प्रगतिका लागि दूरदृष्टि तय गरी अगामी योजना निर्माण र कार्यान्वयन गर्दा कुन कुन पक्षहरूमा बढी केन्द्रित हुनुपर्ला भनी दिशा निर्देशसमेत गरेको छ।

# विषयसूची

**प्रतिवेदनको सारांश** ........ iii

**परिच्छेद १** ........ १

**परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ कार्यसम्पादन परीक्षणको उद्देश्य ........ २

१.३ विगतका अभ्यास ........ ३

१.४ कार्यसम्पादनको सैद्धान्तिक ढाँचा ........ ५

१.५ कार्यसम्पादन परीक्षण प्रतिवेदनको ढाँचा ........ १०

**परिच्छेद २** ........ ११

**कार्यसम्पादन परीक्षणको नतिजा विश्लेषण** ........ ११

२.१ विद्यालयको वस्तुगत विवरण ........ ११

२.२ कार्यसम्पादनको तुलनात्मक अवस्था ........ ११

२.१.१ लगानी ........ १३

२.१.२ प्रक्रिया ........ १५

२.१.३ उपलब्धि ........ १७

२.२ विद्यालयको कार्यसम्पादनको समग्र स्तर ........ १८

**परिच्छेद ३** ........ २०

**सुझाव तथा सिफारिसहरू** ........ २०

३.२ कार्यक्रमगत सुधारका लागि सुझाव तथा सिफारिस ........ २०

**सन्दर्भसूची** ........ २३

**अनुसूचीः विद्यालय कार्यसम्पादन परीक्षणको सूचना** ........ २८

अनुसूची १: कार्यसम्पादनमा लगानीको अवस्था ........ २८

अनुसूची ३: कार्यसम्पादनमा उपलब्धिको अवस्था ........ ४०

अनुसूची ४: विद्यालयको वास्तविक भार र श्रेणी ........ ४६

# तालिकासूची

तालिका १. कार्यसम्पादन परीक्षणको क्षेत्र तथा उपक्षेत्र ........ ६

तालिका २. विद्यालय कार्यसम्पादन सूचक ........ ६

तालिका ३. विद्यालय कार्यसम्पादन परीक्षणका लागि आधार ........ ९
तालिका ४. स्थानीय तहगत आधारमा कार्यसम्पादन गरिएका विद्यालयको सङ्ख्या ........ ११
तालिका ५. जिल्लागत रूपमा विद्यालयहरूको कार्यसम्पादनको औसत अवस्था ........ १२
तालिका ६. स्थानीय तहगत आधारमा लगानी, प्रक्रिया र उपलब्धिको अवस्था ........ १२
तालिका ७. लगानीका क्षेत्रमा विद्यालयको कार्यसम्पादनको स्थिति ........ १३
तालिका ८. बागलुङ जिल्लाको विभिन्न स्थानीय तहको लगानीको अवस्था ........ १४
तालिका ९. प्रक्रियामा आधारित विद्यालय कार्यसम्पादनको जिल्लागत अवस्था ........ १५
तालिका १०. बागलुङ जिल्लाको स्थानीय तहको प्रक्रियाको अवस्था ........ १६
तालिका ११. उपलब्धिका सूचकको आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत अवस्था ........ १७
तालिका १२. बागलुङ जिल्लाको स्थानीय तहको उपलब्धिको अवस्था ........ १८
तालिका १३. कार्यसम्पादन गरिएका विद्यालयको अधिकतम र न्यूनतम अङ्कभार ........ १८
तालिका १४. बागलुङ जिल्लाका स्थानीय तहमा रहेका विद्यालयको जम्मा प्राप्ताङ्क ........ १९

## चित्रसूची

चित्र १. विद्यालयको कार्यसम्पादनको अवस्था ........................................................................................ १२
चित्र २. लगानीको अधारमा विद्यालयको समग्र कार्यसम्पादनको जिल्लागत अवस्था ........................................... १४
चित्र ३. बागलुङ जिल्लाका स्थानीय तहको लगानीका सूचकको अवस्था ........................................................... १५
चित्र ४. प्रक्रियाका आधारमा विद्यालयको जिल्लागत कार्यसम्पादनको अवस्था ..................................................... १६
चित्र ५. उपलब्धिका सूचकको आधारमा विद्यालयको कार्यसम्पादनको अवस्था ................................................. १७

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि सार्वजनिक निकाय वा कार्यालयले सेवाग्राही तथा सरोकारवालाहरूलाई प्रदान गर्ने निश्चित सेवा तथा कार्यहरू तोकिएका हुन्छन्। यस प्रकारका सेवा वा कार्य सरोकारवालासम्म पुऱ्याउनका लागि भौतिक पूर्वाधार, मानव संसाधन र वित्तीय स्रोतको लगानी यथेष्ट भएको हुन्छ। यसरी गरिएको लगानीअनुसार सम्बन्धित कार्यालय वा सङ्घसंस्थाले प्रभावकारी, मितव्ययी, कुशल र पारदर्शी रूपमा सेवा प्रदान गरे नगरेको भनी आन्तरिक तथा बाह्य व्यक्ति वा समूहले गर्ने परीक्षणलाई कार्यसम्पादन परीक्षण भनिन्छ। त्यसैले कार्यसम्पादन परीक्षण आन्तरिक र बाह्य दुवै प्रकृतिको हुने गर्दछ। नेपाल सरकारले शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रमहरूसञ्चालन गर्दै आएको छ।

विद्यालय शिक्षाको प्राथमिक उद्देश्य विद्यार्थीहरूको भाषिक तथा गणितीय सिपका साथै सामाजिककीकरण र जिम्मेवार नागरिक विकास गर्ने भएकोले, समग्र शिक्षा प्रणालीको सुधार र गुणस्तर वृद्धिको लागि नियमित ध्यान दिनुपर्छ। शैक्षिक नीति तर्जुमा गर्न र विद्यार्थीको सिकाइको गुणस्तर सुधार गर्न र हस्तक्षेपकारी रणनीति पहिचान गर्नसमेत कार्यसम्पादन परीक्षणको आवश्यकताबोध गरी विद्यालय शिक्षा क्षेत्र योजनाले (School Education Sector Plan) ले नियमित कार्यसम्पादन परीक्षणलाई निरन्तरता दिन सुझाव दिएको छ। सङ्घीय स्तरका शैक्षिक संस्थाहरूलाई नीतिगत प्रतिक्रिया दिनुका साथै राष्ट्रिय परीक्षणले गुणस्तरीय शिक्षाको मापदण्ड तोक्न मद्दत गर्छ।

कार्यसम्पादन परीक्षण खासगरी संस्थागत क्रियाकलापको मितव्ययिता, कार्यकुशलता र प्रभावकारिताको आधारमा गरिन्छ। शैक्षिक सेवा सुविधालाई लक्षित समूह र वर्गको पहुँचमा सर्वसुलभ रूपमा विस्तार गरिनु पर्ने व्यापक माग भइरहको र अर्कातिर प्रवाहित सेवा सुविधालाई लक्षित समूहले अधिकतम लाभ प्राप्त हुने गरी प्रभावकारी र उपलब्धिमूलक रूपमा कार्यान्वयन गर्नुपर्ने भएकोले शैक्षिक सेवा प्रवाह गर्ने सार्वजनिक निकाय तथा संस्थाहरूको कार्यक्षमतामा सुधार र अभिवृद्धि प्रति चासो हुनु स्वाभाविक हुन्छ। शैक्षिक कार्यक्रममा सेवा सुविधा व्यापक रूपमा विस्तार हुँदै गएको, कार्यान्वयनमा रहेका शैक्षिक कार्यक्रमका लक्ष्य र परिणामबिचको तादात्म्यबारे राज्य र नागरिक दुवैको अपेक्षा बढ्दै गएको र सार्वजनिक निकायबाट प्रवाहित शैक्षिक सेवाप्रति सेवाग्राहीको सन्तुष्टि भएको सुनिश्चित गराउनु पर्ने व्यापक जन अपेक्षाको परिणामस्वरूप शैक्षिक सेवा प्रवाह गर्ने सार्वजनिक निकाय र शिक्षण संस्थाहरूमा अपेक्षित सेवाप्रवाह गर्ने विद्यमान कार्यसक्षमताको स्तर मापन गर्न आवश्यक देखिन्छ।

कार्यसम्पादन परीक्षणमा मूलतः मितव्ययीता, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता, सहभागिता, सन्तुष्टि, योजना, नेतृत्व, व्यवस्थापन तथा निष्पक्षता र समताजस्ता सिद्धान्तहरू समावेश हुन्छन्। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सामुदायिक विद्यालय, प्रधानाध्यापक र स्थानीय तहको कार्यसम्पादन परीक्षण (Performance

Audit) गरी शिक्षाको गुणस्तर र समानता सुधार गर्न विद्यालय शिक्षा प्रणालीमा गम्भीरतापूर्वक काम गरिरहेको छ।

शैक्षिक संस्थाहरूले प्रदान गर्ने सेवासँग सम्बन्धित कार्यहरूको पनि स्वतन्त्र कार्यसम्पादन परीक्षण गरी कार्यक्रमको स्तर निर्धारण गरी सुधारका उपाय अवलम्बन गर्नु पर्ने हुन्छ। शैक्षिक संस्थाहरू मूलतः दुई किसिमका हुन्छन्। पहिलो किसिमको संस्थाअन्तर्गत नीति निर्माण गर्ने, कार्यक्रम कार्यान्वयन गराउन सहयोग गर्ने र नियमन गर्ने निकाय जस्तैः शिक्षा तथा खेलकुद मन्त्रालय, स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ आदि पर्दछन् भने दोस्रो प्रकारको संस्थामा शिक्षा प्रदान गर्ने निकाय जस्तै: विभिन्न विद्यालयहरू पर्दछ। यी दुवै निकायहरूका आआफ्नै उद्देश्य र जिम्मेवारी हुन्छन्। पहिलो निकायको नीति निर्माण गर्ने, कार्यक्रम कार्यान्वयनमा मातहत निकायलाई सहयोग पुऱ्याउने र आवश्यक सुपरिवेक्षण र नियमन गर्ने जिम्मेवारी रहेको हुन्छ भने दोस्रो निकायले सबै बालबालिकालाई सर्वसुलभ र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउनु जिम्मेवारी लिएको हुन्छ।

## १.२ कार्यसम्पादन परीक्षणको उद्देश्य

विद्यालयको कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी शिक्षण सिकाइ प्रणालीमा सुधार गर्न प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्नु हो। यसका अतिरिक्त लगानी, प्रक्रिया र उपलब्धिका सूचकको आधारमा विद्यालयको कार्यसम्पादन परीक्षणको अवस्था पहिचान गरी मन्त्रालय पद्धतिलगायतका सरोकारवालालाई सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने उद्देश्य कार्यसम्पादन परीक्षणको रहेको छ।

विद्यालयहरूले सम्पादन गरेका विभिन्न शैक्षिक तथा अन्य कार्यहरूको परीक्षण गरी राम्रा अभ्यासहरूको पहिचान गर्ने, सेवा प्रवाहमा भएका कार्यहरूको विश्लेषण गर्ने, सम्पादित कार्यबाट प्राप्त भएका सिकाइ उपलब्धिको अवस्थाको जानकारी हासिल गर्ने र कमजोर अवस्थाको पहिचान गरी सुधारका लागि सम्बन्धित निकायमा आवश्यक सुझावहरूको सिफारिस गर्नु मुख्य उद्देश्य रहेको छ। यस परीक्षणमार्फत विद्यालयमा भएका सबल पक्षहरू र सुधार गर्नुपर्नुर्ने पक्षहरूको पहिचान गर्ने गरिन्छ। यस्ता पक्षहरूको पहिचानपश्चात् विद्यालयले ध्यान दिनपुर्ने पक्षको खोजी गर्न सहयोग गर्नेछ। परीक्षणपश्चात नै लगानी, प्रक्रिया र उपलब्धिमध्ये कुन-कुन पक्षमा प्राथमिकता दिनपुर्ने हो भन्ने उजागर गर्न सहयोग गर्नेछ। विद्यालयबाट प्राप्त भएको सूचनाहरूको विश्लेषण गरी यथार्थ अवस्थाको पहिचान गर्नु परीक्षणको विशिष्ट उद्देश्य हो। कार्यसम्पादन परीक्षणपछि नै सुधारका क्षेत्रहरूको पहिचान हुन सक्छ र सो अवस्थाका आधारमा पृष्ठपोषण दिन सकिन्छ।

विद्यालयको कार्यसम्पादन परीक्षणका देहायअनुसारका उद्देश्यहरू रहेका छन् (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३)

- तोकिएका शैक्षिक संस्थाहरूले निर्दिष्ट नीति तथा कार्यक्रमहरू, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने।

- शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाहरूको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने।
- विद्यालय तथा निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने।
- उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्ने।

उल्लिखित उद्देश्यहरूमा आधारित यस परीक्षणका निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन्।

- विद्यालयहरूको विकासका लागि गरिएको लगानीको अवस्थाको पहिचान गर्ने, विद्यालयको भौतिक अवस्था, उपयोगमा रहको मानव संसाधन र समुदाय एवम सरकारी लगानीका अवस्थाको लेखाजोखा गरी विद्यालयको स्तर निर्धारण गर्ने,
- गुणस्तर अभिवृद्धिका लागि विद्यालयले सम्पादन गरेका कार्यहरूको प्रक्रिया, शिक्षण विधि तथा प्रक्रिया, उपलब्धि मापन गर्न उपयोग गरिने विद्यार्थीहरूको मूल्याङ्कन, शिक्षकहरूको अवस्था तथा पेसागत उन्नयनका अवसरहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका सङ्घ एवम् विद्यालयका शिक्षकहरूको नेतत्व र सह तथा अतिरिक्त क्रियाकलापको अवस्थाको लेखाजोखा गर्ने,
- विद्यालयमा भएको लगानी र शिक्षण सिकाइ प्रक्रियाका लागि अपनाइएका विधिका आधारमा भएको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,
- विद्यालयले प्रवाह गरेको सेवाबाट लाभग्राहीको सन्तुष्टिका आधारमा विद्यालयका कार्यको समग्र लेखाजोखा गर्ने,
- विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयको कार्यसञ्चालन प्रक्रियामा अपनाइएका कार्य पद्धतिको प्रभावकारिताको लेखाजोखा गर्ने,
- कार्यसम्पादन परीक्षणबाट प्राप्त भएका नतिजाहरूका आधारमा विद्यालयहरूले गर्नुपर्ने सुधारमा प्रत्यक्ष भमिूका निर्वाह गर्ने विद्यालय र यसको व्यवस्थापन समिति, कार्यक्रम र नीतिगत रूपमा गर्नुपर्ने सुधारका लागि गाउँपालिका वा नगरपालिकाहरू, प्रदेश र सङ्घीय सरकारका विभिन्न मन्त्रालय र तहलाई पृष्ठपोषण प्रदान गर्ने।
- विद्यालय, स्थानीय तह र जिल्लाहरूको कार्यसम्पादनको नतिजाको तुलनात्मक अवस्था प्रस्तुत गरी सुधारका लागि प्रतिस्पर्धात्मक र सहयोगी वातावरण तयार गर्ने।

## १.३ विगतका अभ्यास

शैक्षिक निकायहरूले तोकिएको कार्य प्रभावकारी, मितव्ययी र छरितो ढङ्गले सञ्चालन गरे नगरेको र सम्पादित कार्यहरू अपेक्षित परिणाम प्राप्तितर्फ उन्मुख भएको नभएको भनी लेखाजोखा गर्न र सोका आधारमा सुधारको बाटो पहिल्याउन अमेरिका तथा युरोपका देशहरूमा कार्यसम्पादनमा आधारित मूल्याङ्कन (performance assessment) को प्रयोग १९७० को दशकअघि नै विभिन्न क्षेत्रमा देखिन थालेको भए पनि यसको व्यापक विकास १९७० र १९८० को दशकपछि भएको मानिन्छ। यसभन्दा पहिले सार्वजनिक क्षेत्रको लेखापरीक्षण

प्रणालीको संस्थागत विकास भने संयुक्त राज्य अमेरिकामा सन् १९२१ को Budget and Accounting Act मार्फत General Accounting Office (हालको Government Accountability Office) को स्थापना भएपछि सुरु भएको थियो। यही संस्थागत विकासबाट पछि कार्यसम्पादन लेखापरीक्षण (performance audit) को अवधारणा क्रमशः विकसित भएको हो (Lonsdale, Wilkins, & Ling, 2011)। शैक्षिक निकायहरूको कार्य परिणाममुखी र जनउत्तरदायी बनाउन स्वतन्त्र निकाय वा व्यक्तिहरूबाट यस्तो परीक्षण गराई सोका आधारमा ती निकायहरूको स्तर निर्धारण गर्न र अन्य नीतिगत निर्णय लिन नै कार्यसम्पादन परीक्षणको सुरुआत भएको थियो।

हङकङमा विद्यालयको कार्यसम्पादन परीक्षणको थालनी सन् २००३ बाट भएको हो, जसको मुख्य उद्देश्य व्यवस्थित र प्रमाणमा आधारित स्वःपरीक्षणलाई बढावा दिनु रहेको थियो। अमेरिकाका विभिन्न राज्यहरूमा विद्यालयको कार्यसम्पादन परीक्षणका लागि अलग अलग व्यवस्था रहेको भए पनि सारमा तिनीहरूमा प्रयोग हुने सूचकहरूमा एकरूपता पाइन्छ। सुरुवाती दिनहरूमा कार्यसम्पादन परीक्षणमा विद्यार्थीको भर्ना, सिकाइ र उत्तीर्ण दर जस्ता तथ्याङ्कीय सूचकलाई मात्र आधार मानिन्थ्यो भने हाल आएर विद्यालयको कार्यसम्पादन परीक्षणमा लगानी, प्रक्रिया र उपलब्धि र सेवाग्राही सन्तुष्टि, सेवा प्रवाह, सामाजिक प्रभाव र सरोकारवालाको मूल्याङ्कन लगायतका विभिन्न पक्षको लेखाजोखा गर्ने गरिन्छ। यसअन्तर्गत विद्यालयको भौतिक सुविधाको उपलब्धता, पर्याप्तता, प्रयोग, व्यवस्थापन र उपयोगिता, मानव संसाधन र आर्थिक लगानी, कक्षा शिक्षण, विद्यार्थी परीक्षण, शिक्षकको पेसागत विकास, जनसहभागिता, अतिरिक्त क्रियाकलाप, सिकाइ उपलब्धि, शिक्षकको पेसागत सन्तुष्टि र सेवाग्राहीको सन्तुष्टिजस्ता धेरै पक्षहरू संलग्न हुन्छन्। यी सबै पक्षहरूको वस्तुगत, अवलोकनीय र मापनीय तथ्य र प्रमाणहरूलाई आधार बनाई विद्यालयको कार्यसम्पादन परीक्षण गरिन्छ। विभिन्न देशको विशिष्टता र प्राथमिकताका आधारमा कार्यसम्पादनका क्षेत्र र सूचकमा केही भिन्नता पनि रहेको हुन्छ।

नेपालको सन्दर्भमा शिक्षा क्षेत्रमा कार्यसम्पादन परीक्षणको अभ्यासको व्यवस्थित थालनी भएको धेरै समय भएको छैन। विगतमा शैक्षिक संस्थाहरूले के कसरी कार्यसम्पादन गरेका छन् भनेर केही छिटफुट अनुसन्धान र परीक्षण भए पनि नेपालमा शैक्षिक निकाय र विद्यालयहरूको कार्यप्रभावकारिता, कार्यसक्षमता र सेवाप्रवाहका गुणस्तरीयताको लेखाजाखा गर्न कार्यसम्पादन स्तरको परीक्षणको अवधारणालाई विद्यालय क्षेत्र सुधार योजना सन् २००९ देखि मात्र व्यवस्थित रूपमा आत्मसात् गरी कार्यान्वयन गरिएको देखिन्छ। प्रचलित ऐन, नियम, निर्देशिका तथा नीतिद्वारा निर्धारित प्रत्येक सङ्गठनका कार्यविवरणका विशिष्टीकृत सूचकका आधारमा शिक्षा मन्त्रालय अन्तर्गतका निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सन् २०१२ देखि गरिँदै आएको छ। कार्यसम्पादन परीक्षणका क्रममा प्रयोग गर्ने गरिएका परीक्षण साधनहरूलाई समसामयिक परिमार्जन गरी सन् २०१५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले जिल्ला शिक्षा कार्यालय कार्यसम्पादन परीक्षण साधन २०७२, स्रोतकेन्द्र कार्यसम्पादन परीक्षण साधन २०७२ र सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२ तयार गरेको थियो। सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२ मा उल्लेख भएअनुसार उच्च माध्यमिक विद्यालयका लागि

१८६, माध्यमिक विद्यालयका लागि १८३ र निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयका लागि १६३ सूचक राखिएका थिए। उल्लिखित क्षेत्रअन्तर्गतका सूचकहरू सम्बन्धमा प्राप्त जानकारी र प्रमाणहरूका आधारमा अत्युत्तम, उत्तम, मध्यम र न्यून गरी चार स्तरमा परीक्षण गर्ने गरिएको थियो (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७२)।

प्रचलित शैक्षिक योजना तथा कार्यक्रम, प्रचलित ऐन र कार्यक्रम कार्यान्वयन गर्ने निर्देशिकाका आधारमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका लागि मानक र सूचकहरू तयार गरी परीक्षणको कार्य थालनी भएको छ। कार्यसम्पादन परीक्षण गर्न तयार गरिएका विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा २०७६ तथा परीक्षण मार्गदर्शन पुस्तिका २०७६ र कार्यसम्पादन परीक्षण साधन २०७६ अनुसार बागलुङ जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्य सञ्चालन गरिएको थियो।

## १.४ कार्यसम्पादनको सैद्धान्तिक ढाँचा

कार्यसम्पादन परीक्षणले निर्धारित नीति नियम तथा व्यवस्थाबमोजिम निर्धारित कार्यविवरणका आधारमा सार्वजनिक सेवा प्रदायक निकायको काम कारवाही प्रभावकारी, मितव्ययी र छरितो ढङ्गले सञ्चालन भए नभएकोबारे लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ। कार्यसम्पादन परीक्षणले कुनै पनि कार्यको लगानी, प्रक्रिया र उपलब्धि तीनै पक्षको सूक्ष्म रूपले आन्तरिक तथा बाह्य रूपमा परीक्षण गरी नतिजामुखी परिणाम निकाल्छ र परिणाम सार्वजनिक रूपमा सर्वस्वीकार्य हुनुपर्छ भन्ने मान्यता स्थापित गर्दछ। कार्यसम्पादन परीक्षणका लागि निश्चित अवधारणात्मक ढाँचाको आवश्यकता पर्दछ। यस्तो अवधारणात्मक ढाँचामा कार्यसम्पादन परीक्षणमा समावेश गरिने निश्चित सूचक र मापदण्ड तय गरिएको हुन्छ।कार्यसम्पादन परीक्षण ढाँचा एउटा यस्तो नक्सा वा मार्गचित्र (Blue-Print) हो, जसका आधारमा परीक्षण तथा परीक्षणसँग सम्बन्धित अन्य क्रियाकलापहरू अघि बढाइन्छ। यस्तो नक्सा वा मार्गचित्रले कार्यसम्पादन परीक्षणको साधन निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्न, विश्लेषण गर्न, निष्कर्ष निकाल्न र सोका आधारमा आवश्यक निर्णय लिन सहयोग पुऱ्याउँदछ। यस प्रकारको ढाँचाले कार्यसम्पादन परीक्षणमा संलग्न व्यक्तिहरूलाई आफ्नो काममा एकरूपता ल्याउन सहयोग गर्नुका साथै परीक्षणको विश्वसनीयता र वैधता सुनिश्चित गर्न समेत सहयोग पुऱ्याउँदछ। संस्थाको उद्देश्य र कार्यक्रमअनुसार कार्यसम्पादन परीक्षण ढाँचाको संरचना फरक फरक हुन सक्दछ।

विद्यालयको कार्यसम्पादनमा राज्य, समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवाला सबैको महत्वपूर्ण भूमिका रहेको हुन्छ। विद्यालयमा तोकिएको जिम्मेवारी के कसरी निर्वाह भएको छ, विद्यालयले बालबालिकालाई तोकिएको ज्ञान, सिप र अभिवृत्तिको विकास गराई राष्ट्र निर्माणको लागि आवश्यक मानव संसाधन विकासको आधार तयार गर्न सकेको छ कि छैन भन्ने विषयमा विद्यालय कार्यसम्पादन परीक्षणले वास्तविकताको अवस्था पहिचान गर्दछ।

विद्यालय कार्यसम्पादन परीक्षणको चर्चा गर्दा यसमा लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रअन्तर्गत सम्पादित विभिन्न कार्यकलापको प्रभावकारिता र तिनको परिणामको परीक्षण गर्ने गरिन्छ। विस्तृत रूपमा भन्नुपर्दा लगानी क्षेत्रका उपक्षेत्रमा विद्यालयको भौतिक सुविधा, शिक्षण मानव संसाधन र स्थायित्व तथा समुदायको

सहभागिता जस्ता सूचक पर्दछन्। त्यस्तै प्रक्रियाका उपक्षेत्रमा कक्षा शिक्षण, विद्यार्थी परीक्षण, शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन, अतिरिक्त क्रियाकलाप जस्ता सूचक पर्दछन्। उपलब्धि उपक्षेत्रमा विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र छोड्ने दर, सिकाइ उपलब्धि, सेवाग्राहीको सन्तुष्टि, शिक्षकको पेसागत सन्तुष्टि जस्ता सूचक पर्दछन्। यी सूचकहरूमा उद्देश्यपरक, मितव्ययी, कार्यकुशल, प्रभावकारी, पारदर्शी, सहभागितामूलक, निष्पक्ष र सेवाग्राही सन्तुष्टिजस्ता सिद्धान्तलाई दृष्टिगत गरी विद्यालयको कार्यसम्पादन परीक्षण गरिन्छ।

विभिन्न देशका विद्यालयको कार्यसम्पादनको पुनरवलोकन गरी विद्यालय कार्यसम्पादन परीक्षणका पक्षहरू र नेपालका सामुदायिक विद्यालयहरूको यथार्थलाई मुख्य आधार बनाई कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण ढाँचा तयार पारेको छ। उक्त ढाँचाअनुसार विद्यालय तथा अन्य शैक्षिक निकायहरूमा लगानी, प्रक्रिया र उपलब्धिसँग सम्बन्धित सूचना तथा प्रमाणहरूको आधारमा लेखाजोखा गरी यो कार्यसम्पादन परीक्षण सम्पन्न गरिएको थियो। यस ढाँचाअनुसार संलग्न परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरूको विवरण निम्नलिखित तालिकामा उल्लेख गरिएको छ:

तालिका १. कार्यसम्पादन परीक्षणको क्षेत्र तथा उपक्षेत्र

| लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|
| १. भौतिक संरचना<br>२. शिक्षण, मानव संशाधन र स्थायित्व<br>३. समुदायको सहभागिता र लगानी | ४. कक्षा शिक्षण<br>५. विद्यार्थी परीक्षण<br>६. शिक्षकको पेसागत विकास<br>७. नेतृत्व र व्यवस्थापन<br>८. अतिरिक्त क्रियाकलाप | ९. नियमितता, कक्षा दोहोऱ्याउने तथा छाडने दर<br>१०. सिकाइ उपलब्धि<br>११. सेवाग्राही सन्तुष्टि<br>१२. शिक्षकको पेसागत सन्तुष्टि |
| १३. सेवा प्रवाह गरिएको विद्यार्थी सङ्ख्या | | |

उल्लिखित क्षेत्र र उपक्षेत्रलाई लगानी, प्रक्रिया र उपलब्धिको शीर्षकसँग सम्बन्धित गराएर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको ढाँचालाई यस परीक्षणमा उपयोग गरिएको थियो। उल्लिखित १३ उपक्षेत्रबाट विभिन्न सङ्ख्यामा पर्ने गरी कार्यसम्पादन परीक्षणका जम्मा ८९ ओटा सूचकहरू निर्धारण गरिएका छन्। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २. विद्यालय कार्यसम्पादन सूचक

| **उपक्षेत्र** | **सूचक सङ्ख्या** | **सूचक** |
|---|---|---|
| भौतिक संरचना | १६ | विद्यालयको हाताको क्षेत्रफल, खेलमैदान, कक्षाकोठाको उपलब्धता र प्रयोग, कक्षाकोठा गुणस्तर/अवस्था, फर्निचर, बिजुली, कम्प्युटरको उपलब्धता, शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग, चमेना गृहको |

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक |
|---|---|---|
| | | उपलब्धता र सेवा प्रवाह, पानी र साबुनको उपलब्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय, बुक कर्नरको उपलब्धता र प्रयोग, विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, घेराबारा (कम्पाउन्ड वाल), कक्षाकोठामा प्रयोग हुने पाटी |
| शिक्षण मानव संसाधन र स्थायीत्व | ७ | कक्षा र विषयको अनुपातमा तहगत रूपमा शिक्षक उपलब्धता, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, नियुक्तिको प्रकार, शिक्षकमा सूचना प्रविधि (कम्प्युटर र इन्टरनेट/इमेल) सम्बन्धी क्षमता, शिक्षक उपस्थिति, प्रअद्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको परीक्षण |
| समुदायको सहभागिता र लगानी | ४ | जग्गा, भवन, आर्थिक सहयोग, समुदायको सहभागिता |
| कक्षा शिक्षण | १० | योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सामग्री, मोबाइल फोन) को प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण,<br>गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्बल (प्रोत्साहन, हौसलासमेत), शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापन |
| विद्यार्थी परीक्षण | ६ | निरन्तर विद्यार्थी परीक्षण, निर्माणात्मक परीक्षणको प्रयोग, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषण |
| शिक्षकको पेसागत विकास | ७ | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय, शिक्षकको पेसागत विकास तालिममा सहभागिता, विद्यालयको आयोजनामा क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था, प्रोत्साहन र सुविधा |
| नेतृत्व र व्यवस्थापन | १७ | विव्यसको गठन, विव्यसको बैठक र निर्णय, विव्यस निर्णय कार्यान्वयन, शिक्षक अभिभावक सङ्घको गठन र क्रियाशीलता, शिक्षक अभिभावक सङ्घको बैठक, शिअसंको निर्णय कार्यान्वयन, अभिभावक भेला र निर्णय, सामाजिक परीक्षण, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, महत्त्वपूर्ण<br>विषयमा प्र.अ. को निर्णय, विव्यसको निर्णय प्रक्रिया, विद्यालय सुधार योजना, वार्षिक योजना र कार्यक्रम, तिनको कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग, सुशासन र पारदर्शिता, अभिलेख व्यवस्थापन, आर्थिक व्यवस्थापन |

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक |
|---|---|---|
| सह/अतिरिक्त क्रियाकलाप | ६ | सह/अतिरिक्त क्रियाकलापको योजना, सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन, सह/अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रतियोगितामा विद्यालयको सहभागिता, सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता, बालक्लब, रेडक्रस, स्काउट, सदनको गठन |
| नियमितता, कक्षा दोहोऱ्याउने र छाड्ने दर | ६ | नियमितता कक्षा –५, नियमितता कक्षा – ८, विद्यालय छाड्ने दर –कक्षा ५, विद्यालय छाड्ने दर – कक्षा ८, कक्षा दोहोऱ्याउने दर – कक्षा ५, कक्षा दोहोऱ्याउने दर – कक्षा ८ |
| सिकाइ उपलब्धि | ५ | गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा – ५ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा – ५ गणित, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा – ८ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा ८ गणित, एस.एल.सी. औसत GPA |
| सेवाग्राही सन्तुष्टि | २ | अभिभावक, विद्यार्थी |
| शिक्षकको पेसागत सन्तुष्टि | २ | विद्यालय कार्यप्रगतिका सम्बन्धमा सन्तुष्टि, आफ्नो पेसा सम्बन्धमा सन्तुष्टि |
| विद्यार्थी सङ्ख्या | | सेवा प्रवाह गरिएको विद्यार्थी सङ्ख्या |
| **जम्मा** | ८९ | |

(शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३)

लगानी, प्रक्रिया र उपलब्धिका ३ क्षेत्रका १२ उपक्षेत्रमा पर्ने विभिन्न सूचकहरूमा प्रत्येक विद्यालयको वास्तविक अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अवलोकन गरेर र सरोकारवालासँग अन्तरवार्ता लिएर निर्धारित मापदण्डको आधारमा ० – उपलब्ध नभएको, १ – कमजोर, २ – मध्यम र ३ – उत्तममध्ये एकमा चिनो लगाई स्तर निर्धारण गरिएको छ। प्रत्येक विद्यालयले लगानी, प्रक्रिया र उपलब्धिका क्षेत्रमा प्राप्त गरेको कुल प्राप्ताङ्कका आधारमा लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्यालाई क्रमशः २५%, ३०%, ४०% र ५% अङ्कभार छुट्याई विद्यालयको कार्यसम्पादनको अन्तिम परीक्षण गरिएको छ।

उल्लिखित आधारमा तयार गरिएको विद्यालयको कार्यसम्पादन परीक्षणको समष्टिगत ढाँचा निम्नानुसार रहेको छः

तालिका ३. विद्यालय कार्यसम्पादन परीक्षणका लागि आधार

| क्र.स. | क्षेत्र | उपक्षेत्र र सूचक सङ्ख्या | पूर्णाङ्क | स्तरनिर्धारण र परीक्षणका आधार |
|---|---|---|---|---|
| १ | | विद्यालयको भौतिक संरचना (१६) | ४८ | ० – १६ कमजोर<br>१७ – ३२ मध्यम<br>३३ – ४८ राम्रो |
| २ | I. लगानी | शिक्षण (७) | २१ | ० – ७ कमजोर<br>८ – १४ मध्यम<br>१५ – २१ राम्रो |
| ३ | | समुदायको सहभागिता र लगानी (४) | | ० – ४ कमजोर<br>५ – ८ मध्यम<br>९ – १२ राम्रो |
| **जम्मा (I) २७** | | | **८१** | ० – २७ कमजोर<br>२८ – ५४ मध्यम<br>५५ – ८१ राम्रो |
| ४ | | कक्षा शिक्षण (१०) | ३० | ० — १० कमजोर<br>११ — २० मध्यम<br>२१ — ३० राम्रो |
| ५ | | विद्यार्थी परीक्षण (६) | १८ | ० — ६ कमजोर<br>७ — १२ मध्यम<br>१३ — १८ राम्रो |
| ६ | II. प्रक्रिया | शिक्षकको पेसागत विकास (७) | २१ | ० — ७ कमजोर<br>८ — १४ मध्यम<br>१५ — २१ राम्रो |
| ७ | | नेतृत्व र व्यवस्थापन (१७) | ५१ | ० — १७ कमजोर<br>१८ — ३४ मध्यम<br>३५ — ५१ राम्रो |
| ८ | | सह/अतिरिक्त क्रियाकलाप (६) | १८ | ० — ६ कमजोर<br>७ — १२ मध्यम<br>१३ — १८ राम्रो |
| **जम्मा (II) ४६** | | | १३८ | ० — ४६ कमजोर<br>४७ — ९२ मध्यम<br>९३ — १३८ राम्रो |
| ९ | III. उपलब्धि | विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर (६) | १८ | ० — ६ कमजोर<br>७ — १२ मध्यम<br>१३ — १८ राम्रो |

| क्र.स. | क्षेत्र | उपक्षेत्र र सूचक सङ्ख्या | पूर्णाङ्क | स्तरनिर्धारण र परीक्षणका आधार |
|---|---|---|---|---|
| १० | | सिकाइ उपलब्धि (५) | १५ | ० — ५ कमजोर<br>६ — १० मध्यम<br>११ — १५ राम्रो |
| ११ | | सेवाग्राही सन्तुष्टि (२) | ६ | ० — २ कमजोर<br>३ — ४ मध्यम<br>५ — ६ राम्रो |
| १२ | | शिक्षकको पेसागत सन्तुष्टि (२) | ६ | ० — २ कमजोर<br>३ — ४ मध्यम<br>५ — ६ राम्रो |
| **जम्मा (III) १५** | | | ४५ | ० — १५ कमजोर<br>१६ — ३० मध्यम<br>३१ — ४५ राम्रो |
| सेवा प्रवाह गरेको विद्यार्थी सङ्ख्या | | | ५ | |
| **जम्मा (I+II+III) ८८** | | | २६९ | |

(शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३)

## १.५ कार्यसम्पादन परीक्षण प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई तीन परिच्छेदमा व्यवस्थित गरिएको छ। पहिलो परिच्छेदमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका विगतका अभ्यासहरू, नेपालमा यस कार्यको थालनी लगायतका प्रतिवेदनको सैद्धान्तिक विषय समावेश गरिएको छ। त्यस्तै यस परिच्छेदमा सैद्धान्तिक अवधारणा, कार्यसम्पादन परीक्षणका क्षेत्रहरू र आवश्यकताअनुसारका उपक्षेत्रहरू, कार्यसम्पादन प्रक्रिया, स्तर निर्धारण, परीक्षणका विधि र प्रक्रियालाई समावेश गरिएको छ। त्यस्तै गरी प्रतिवेदनको दोस्रो परिच्छेदमा विद्यालय कार्यसम्पादन परीक्षणका नतिजाको तुलनात्मक विश्लेषणलाई समावेश गरिएको छ। यहाँ विद्यालयहरूको स्तर, लगानीतर्फको अवस्था, प्रक्रियातर्फको अवस्था, उपलब्धितर्फको अवस्था तथा स्तरलाई समावेश गरिएको छ। सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा स्तर, समग्र स्तरको तुलना, साथै स्थानीय तहहरूको समग्र कार्यसम्पादनको स्तर र उपलब्धिको क्रमलाई समावेश गरिएको छ। परिच्छेद तीनमा प्रमुख नतिजाहरू, परीक्षणको उपादेयता, विश्लेषणबाट प्रतिविम्बन र सुझावहरू समावेश गरी प्रतिवेदनलाई तयार गरिएको छ।

# परिच्छेद २

## कार्यसम्पादन परीक्षणको नतिजा विश्लेषण

### २.१ विद्यालयको वस्तुगत विवरण

यो प्रतिवेदनमा बागलुङ जिल्लाको १० वटा स्थानीय तहमा रहेका सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजा प्रस्तुत गरिएको छ। १० वटा स्थानीय तहमा रहेका विद्यालयको सङ्ख्यालाई तलको तालिका ४ मा प्रस्तुत गरिएको छ।

तालिका ४. स्थानीय तहगत आधारमा कार्यसम्पादन गरिएका विद्यालयको सङ्ख्या

| प्रदेश | जिल्ला | स्थानीय तह | विद्यालयको सङ्ख्या |
|---|---|---|---|
| गण्डकी | बागलुङ | निसिखोला | ८ |
| | | बरेङ | ७ |
| | | बागलुङ | २४ |
| | | बडिगाड | १३ |
| | | ताराखोला | ६ |
| | | तमानखोला | ३ |
| | | ढोरपाटन | ८ |
| | | गलकोट | १३ |
| | | काठेखोला | १० |
| | | जैमिनी | १७ |
| | **विद्यालय सङ्ख्या** | | **१०९** |

जिल्लाका जम्मा १०९ विद्यालयमध्ये सबैभन्दा धेरै विद्यालय बागलुङ नगरपालिकामा २४ ओटा र सबैभन्दा कम तमानखोला गाउँपालिकामा ३ ओटा रहेका छन्।

### २.२ कार्यसम्पादनको तुलनात्मक अवस्था

यसअन्तर्गत नतिजाका आधारमा कार्यसम्पादनको समष्टिगत स्थिति, लगानी, प्रक्रिया र उपलब्धिको अवस्था विश्लेषण गरिएको छ। १० वटा स्थानीय तह रहेका विद्यालयहरूको औसत कार्यसम्पादन स्तर सामान्य (६५.४२%) रहेको छ। कार्यसम्पादन परीक्षण गरिएका १०९ ओटा विद्यालयमध्ये ३३ ओटा विद्यालयको कार्यसम्पादनस्तर मध्यम र ७६ वटा विद्यालयको सामान्य स्तरमा रहेको छ, उत्तम र कमजोर स्तरका विद्यालय रहेका छैनन्। विद्यालयको समष्टिगत कार्यसम्पादनको अवस्थालाई तालिका ५ र चित्र १ मा प्रस्तुत गरिएको छ। विद्यालय कार्यसम्पादन परीक्षणबाट प्राप्त भएको सूचना तथा तथ्याङ्कलाई अनुसूचीमा प्रस्तुत गरिएको छ। अनुसूची १ मा लगानीको तथ्याङ्क, २ मा प्रक्रिया, ३ मा उपलब्धि र ४ मा विद्यालयगत प्राप्ताङ्क (प्रतिशतमा) रहेको छ।

तालिका ५. जिल्लागत रूपमा विद्यालयहरूको कार्यसम्पादनको औसत अवस्था

| क्र. स. | सूचक | प्राप्ताङ्क | प्रतिशत | अवस्था |
|---|---|---|---|---|
| १ | लगानी (पूर्णाङ्क २५) | १६.४५ | ६५.७८ | सामान्य |
| २ | प्रक्रिया (पूर्णाङ्क ३०) | १७.०४ | ५६.८ | सामान्य |
| ३ | उपलब्धि (पूर्णाङ्क ४०) | २९.७९ | ७४.४७ | मध्यम |
| ४ | सेवा प्रदान गरिएको विद्यालयको सङ्ख्या (पूर्णाङ्क ५) | २.१५ | ४२.९४ | सामान्य |
| **जम्मा प्राप्ताङ्क (पूर्णाङ्क १००)** | | **६५.४२** | | **सामान्य** |

तालिका ५ मा प्रस्तुत गरिएको सूचनाको आधारमा लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरिएको विद्यालयको सङ्ख्याको समेत मानकले बागलुङ जिल्लाको विद्यालयको कार्यसम्पादनको अबस्था सन्तोषजनक रहेन। यसलाई तलको चित्र १ मा समेत प्रस्तुत गरिएको छ।

चित्र १. विद्यालयको कार्यसम्पादनको अवस्था




स्थानीय तहगत आधारमा बागलुङ जिल्लाको लगानी, प्रक्रिया र उपलब्धिको अवस्थालाई तालिका ६ मा प्रस्तुत गरिएको छ।

तालिका ६. स्थानीय तहगत आधारमा लगानी, प्रक्रिया र उपलब्धिको अवस्था

| क्र. स. | प्रदेश | जिल्ला | स्थानीय तह | लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|---|---|---|---|
| १ | गण्डकी | बागलुङ | निसिखोला | ५०.०० | ८५.१३ | ३२.७५ |
| २ | गण्डकी | बागलुङ | बरेङ | ५५.०० | ८२.८६ | ३३.२९ |
| ३ | गण्डकी | बागलुङ | बागलुङ | ५७.०४ | ७७.२५ | ३५.१७ |
| ४ | गण्डकी | बागलुङ | बडिगाड | ४५.६२ | ६७.७७ | ३२.०० |

| क्र. स. | प्रदेश | जिल्ला | स्थानीय तह | लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५ | गण्डकी | बागलुङ | ताराखोला | ५४.६७ | ८३.०० | ३५.५० |
| ६ | गण्डकी | बागलुङ | तमानखोला | ५६.३३ | ७२.३३ | २९.०० |
| ७ | गण्डकी | बागलुङ | ढोरपाटन | ४९.२५ | ६२.५० | ३१.५० |
| ८ | गण्डकी | बागलुङ | गलकोट | ५७.०० | ९१.०८ | ३२.०० |
| ९ | गण्डकी | बागलुङ | काठेखोला | ५०.४० | ८९.९० | ३४.३० |
| १० | गण्डकी | बागलुङ | जैमिनी | ५४.४१ | ७३.५९० | ३४.७६ |
| **औसत** | | | | **५२.९७** | **७८.५४** | **३३.०३** |

गण्डकी प्रदेशको बागलुङ जिल्लाका १० वटा स्थानीय तहमा लगानीको दृष्टिले बागलुङ नगरपालिका (५७.०४), प्रक्रियाको दृष्टिले गलकोट (९१.०८) र उपलब्धिको दृष्टिले ताराखोला (३५.५) राम्रो रहेका छन। यस्तै लगानी, प्रक्रिया र उपलब्धता औसतभन्दा बढी अङ्कभार रहेका स्थानीय तह बढी रहेका छन्।

## २.१.१ लगानी

लगानीका क्षेत्रहरूमा विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्थिति हेर्दा बागलुङ जिल्लाका विद्यालयहरूको स्थिति त्यति सन्तोषजनक मान्न सकिँदैन। लगानीको स्तरलाई तालिका ७ र चित्र २ मा प्रस्तुत गरिएको छ।

तालिका ७. लगानीका क्षेत्रमा विद्यालयको कार्यसम्पादनको स्थिति

| क्र. स. | सूचक | बागलुङ |
|---|---|---|
| १ | भौतिक संरचना (४८) | २९.९७ |
| २ | मानव संशाधन र स्थायित्व (२१) | १६.१ |
| ३ | समुदायको सहभागिता र लगानी (१२) | ७.२६ |
| **जम्मा प्राप्ताङ्क** | | **५३.२८** |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ८१ |
| **प्राप्ताङ्क (प्रतिशत)** | | **६५.७८** |

चित्र २. लगानीको अधारमा विद्यालयको समग्र कार्यसम्पादनको जिल्लागत अवस्था




स्थानीय तहगत आधारमा लगानीको अवस्थालाई तालिका ८ मा प्रस्तुत गरिएको छ।

तालिका ८. बागलुङ जिल्लाको विभिन्न स्थानीय तहको लगानीको अवस्था

| क्र. स. | स्थानीय तह | भौतिक संरचना (४८) | मानव संशाधन र स्थायित्व (२१) | समुदायको सहभागिता र लगानी (१२) |
|---|---|---|---|---|
| १ | निसिखोला | २७.०० | १३.५० | ७.८८ |
| २ | बरेङ | ३१.७१ | १५.७१ | ७.५७ |
| ३ | बागलुङ | ३२.८८ | १६.७१ | ७.४६ |
| ४ | बडिगाड | २४.९२ | १५.४६ | ६.०८ |
| ५ | ताराखोला | ३२.०० | १६.५० | ६.१७ |
| ६ | तमानखोला | ३३.३३ | १५.६७ | ७.३३ |
| ७ | ढोरपाटन | २६.८८ | १५.१३ | ७.२५ |
| ८ | गलकोट | ३२.६९ | १६.७७ | ७.६९ |
| ९ | काठेखोला | २६.२० | १६.३० | ७.९० |
| १० | जैमिनी | ३०.७१ | १६.५९ | ७.१२ |
| **औसत** | | **२९.८३** | **१५.८३** | **७.२५** |

माथिको तथ्याङ्कलाई तलको चित्रमासमेत प्रस्तुत गरिएको छ।

चित्र ३. बागलुङ जिल्लाका स्थानीय तहको लगानीका सूचकको अवस्था




## २.१.२ प्रक्रिया

प्रक्रियामा आधारित विद्यालयको समष्टिगत कार्यसम्पादनको जिल्लागत सूचना तालिका ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९. प्रक्रियामा आधारित विद्यालय कार्यसम्पादनको जिल्लागत अवस्था

| क्र. स. | सूचक | प्राप्ताङ्क |
|---|---|---|
| १ | कक्षा शिक्षण (३०) | १७.२८ |
| २ | विद्यार्थी परीक्षण (१८) | १०.८७ |
| ३ | शिक्षकको पेसागत विकास (२१) | ८.५० |
| ४ | नेतृत्व र व्यवस्थापन (५१) | ३१.३४ |
| ५ | सह/अतिरिक्त क्रियाकलाप (१८) | १०.२३ |
| **जम्मा प्राप्ताङ्क** | | **७८.२७** |
| पूर्णाङ्क (प्राप्त हुनसक्ने अधिकतम अङ्क) | | १३८ |
| **प्राप्ताङ्क (प्रतिशत)** | | **५६.७%** |

विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रम र शैक्षिक प्रक्रियासम्बन्धी अन्य सूचकहरूका आधारमा विद्यालय कार्यसम्पादनको स्थिति हेर्दा त्यति सन्तोषजनक देखिदैन। यही तथ्याङ्कलाई चित्र ४ प्रस्तुत गरिएको छ।

चित्र ४. प्रक्रियाका आधारमा विद्यालयको जिल्लागत कार्यसम्पादनको अवस्था




स्थानीय तहगत आधारमा प्रक्रियाको अवस्थालाई तालिका १० मा प्रस्तुत गरिएको छ।

तालिका १०. बागलुङ जिल्लाको स्थानीय तहको प्रक्रियाको अवस्था

| क्र. स. | स्थानीय तह | कक्षा शिक्षण | विद्यार्थी परीक्षण | शिक्षकको पेसागत विकास | नेतृत्व र व्यवस्थापन | सह/अतिरिक्ति क्रियाकलाप |
|---|---|---|---|---|---|---|
| १ | निसिखोला | १८.२५ | १४.०० | ७.८८ | ३०.३८ | १०.२५ |
| २ | बरेङ | १५.२९ | ११.४३ | ८.१४ | ३८.०० | १०.०० |
| ३ | बागलुङ | १७.६७ | ८.९२ | १०.०८ | ३१.७१ | ९.०० |
| ४ | बडिगाड | १४.७७ | १०.०८ | ६.१५ | २६.४६ | ११.१५ |
| ५ | ताराखोला | १९.८३ | १२.१७ | ८.०० | ३३.८३ | ९.१७ |
| ६ | तमानखोला | १८.६७ | १०.६७ | ५.०० | २७.६७ | ११.०० |
| ७ | ढोरपाटन | १८.५० | ८.१३ | ५.०० | २१.२५ | ९.६३ |
| ८ | गलकोट | १९.३१ | १२.०० | १०.८५ | ३६.५४ | १३.१५ |
| ९ | काठेखोला | १८.३० | १३.१० | ९.३० | ३६.९० | १२.३० |
| १० | जैमिनी | १५.१८ | ११.२४ | ८.६५ | २९.५९ | ८.६५ |
| | **औसत** | **१७.५८** | **११.१७** | **७.९१** | **३१.२३** | **१०.४३** |

### २.१.३ उपलब्धि

विद्यालयको कार्यसम्पादनमा लगानी र प्रक्रियाको तुलनामा उपलब्धिको अवस्था तुलनात्मक रूपमा राम्रो रहेको छ। लगानी र प्रक्रियामा स्थानीय तह र विद्यालयगतरूपमा अन्तर देखिए तापनि उपलब्धिमा आधारित कार्यसम्पादनमा खासै ठुलो अन्तर देखिँदैन। प्राप्त तथ्याङ्कलाई तालिका ११ मा प्रस्तुत गरिएको छ। साथै उक्त सूचनालाई चित्रमा समेत प्रस्तुत गरिएको छ।

तालिका ११. उपलब्धिका सूचकको आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत अवस्था

| क्र. स. | सूचक | प्राप्ताङ्क |
|---|---|---|
| १ | विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र छाड्ने दर (१८) | १३.२३ |
| २ | सिकाइ उपलब्धि (१५) | १२.०० |
| ३ | सेवाग्राही सन्तुष्टि (६) | ४.३२ |
| ४ | शिक्षकको पेसागत सन्तुष्टि (६) | ४.०० |
| | **जम्मा प्राप्ताङ्क** | **३३.५४** |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ४५ |
| **प्राप्ताङ्क (प्रतिशत)** | | **७४.५३%** |

चित्र ५. उपलब्धिका सूचकको आधारमा विद्यालयको कार्यसम्पादनको अवस्था



स्थानीय तहगत आधारमा उपलब्धिको अवस्थालाई तालिका र चित्रमा प्रस्तुत गरिएको छ।

तालिका १२. बागलुङ जिल्लाको स्थानीय तहको उपलब्धिको अवस्था

| क्र. स. | स्थानीय तह | विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र छाड्ने दर | सिकाइ उपलब्धि | सेवाग्राही सन्तुष्टि | शिक्षकको पेसागत सन्तुष्टि |
|---|---|---|---|---|---|
| १ | निसिखोला | १२.५० | १२.७५ | ३.५० | ४.०० |
| २ | बरेङ | १३.८६ | १२.०० | ३.७१ | ३.७१ |
| ३ | बागलुङ | १५.४२ | ११.७१ | ४.०८ | ३.९६ |
| ४ | बडिगाड | १२.३१ | १२.०८ | ३.९२ | ३.६९ |
| ५ | ताराखोला | १२.८३ | १३.५ | ४.३३ | ४.८३ |
| ६ | तमानखोला | १०.६७ | ७.६७ | ४.०० | ४.३३ |
| ७ | ढोरपाटन | ११.५० | ११.१३ | ६.०० | ४.०० |
| ८ | गलकोट | १०.७७ | १२.२३ | ५.०० | ३.७७ |
| ९ | काठेखोला | १४.१० | ११.९० | ४.२० | ४.१० |
| १० | जैमिनी | १३.७१ | १२.५३ | ४.४१ | ४.१२ |
| **औसत** | | **१२.७७** | **११.७५** | **४.३२** | **४.०५** |

## २.२ विद्यालयको कार्यसम्पादनको समग्र स्तर

बागलुङ जिल्लाका १० वटा स्थानीय तहका १०९ वटा विद्यालयको कार्यसम्पादन गरिएको थियो।

तालिका १३. कार्यसम्पादन गरिएका विद्यालयको अधिकतम र न्यूनतम अङ्कभार

| जिल्ला | स्थानीय तहको सङ्ख्या | विद्यालयको सङ्ख्या | अङ्कभार (%) | | |
|---|---|---|---|---|---|
| | | | अधिकतम | न्यूनतम | औसत |
| बागलुङ | १० | १०९ | ८९.८६ | ४१.८७ | ६५.४७ |

तालिका १४. बागलुङ जिल्लाका स्थानीय तहमा रहेका विद्यालयको जम्मा प्राप्ताङ्क

| क्र. स. | स्थानीय तह | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा (५%) | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | निसिखोला | १५.४३ | १८.५० | २९.६६ | ३.२५ | ६७.८४ |
| २ | बरेङ | १६.९७ | १८.०१ | २९.५८ | २.१४ | ६६.७० |
| ३ | बागलुङ | १७.६० | १६.७९ | ३१.२५ | १.८८ | ६७.५६ |
| ४ | बडिगाड | १४.१२ | १४.७४ | २७.७६ | २.९२ | ५९.४९ |
| ५ | ताराखोला | १६.८७ | १८.०४ | ३१.५५ | २.०० | ६८.६३ |
| ६ | तमानखोला | १७.३६ | १५.७२ | २५.७८ | २.०० | ५९.६९ |
| ७ | ढोरपाटन | १५.२० | १३.५८ | २८.०० | ३.१३ | ५९.८७ |
| ८ | गलकोट | १७.५८ | १९.८० | २८.५२ | १.९२ | ६७.८४ |
| ९ | काठेखोला | १५.५५ | १९.५४ | ३०.४९ | १.८० | ६७.३८ |
| १० | जैमिनी | १६.७९ | १५.९९ | ३०.९० | १.४१ | ६५.०९ |
| **औसत** | | **१६.३५** | **१७.०७** | **२९.३५** | **२.२५** | **६५.०१** |

माथि परिच्छेद दुईमा प्रस्तुत गरिएको तथ्याङ्कले समग्र विद्यालयको कार्यसम्पादनको स्थितिलाई जनाउँछ। उक्त नतिजाले विद्यालयको कुन-कुन क्षेत्रमा समेत ध्यान दिनुपर्ने छ भन्ने कुरालाई समेत प्रस्ट पारेको छ।

# परिच्छेद ३

## सुझाव तथा सिफारिसहरू

विद्यालयको कार्यसम्पादनमा स्थानीय तहगत रूपमा उल्लेख्य अन्तर देखिएको छ। यस अन्तरमा लगानी, प्रकिया र उपलब्धिका सूचकअनुसार कुनै स्थानीय तहमा कुनै निश्चित पक्ष राम्रो भएको र अन्य पक्ष कमजोर रहेको पनि देखिन्छ। कार्यसम्पादनका समग्र पक्षमा उपल्लो नतिजा प्राप्त गर्न लगानी, प्रकिया र उपलब्धिका प्राय सबै सूचकहरू राम्रो हुन जरुरी छ। कार्यसम्पादनका कुन कुन क्षेत्रमा के कस्तो कमीकमजोरी रहेको छ सोको पहिचान गरी स्थानीय तहले आफ्नो स्थानीय तहमा रहेका विद्यालयको सुधार योजना निर्माण गर्न सकेमात्र कार्यसम्पादनमा देखिएको विद्यालयगत अन्तर कम हुन सक्छ। विद्यालय कार्यसम्पादनको नतिजाको आधारमा देहायबमोजिमका सुझाव तथा सिफारिस गरिएको छ।

### ३.१ नीतिगत सुधारका लागि सुझाव तथा सिफारिस

- कार्यसम्पादनको स्थानीय तहगत अन्तरलाई लेखाजोखा गरी विद्यालयहरूलाई समतामा आधारित सहयोगको नीति निर्धारण गर्ने।
- विद्यालयहरूको भौतिक सुविधाको उपलब्धतामा ठुलो अन्तर देखिएकोले भौतिक अवस्थामा सहयोग गर्ने सङ्घीय, प्रादेशिक र स्थानीय तहको नीति निर्धारण गर्ने।
- विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, खेल मैदान, खेल सामग्री, चमेना गृह र सेवाको लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले दिने सहयोगका सम्बन्धमा स्पष्ट नीति निर्धारण गर्ने।
- विद्यालयमा सूचना प्रविधिलाई सिकाइको माध्यमको रूपमा प्रयोग गर्ने सम्बन्धमा स्पष्ट नीतिको निर्माण गर्ने।
- तीनै तहका सरकारका साथै विद्यालय र शिक्षक स्वयंमले पनि शिक्षक पेसागत विकासमा विशेष ध्यान दिने।

### ३.२ कार्यक्रमगत सुधारका लागि सुझाव तथा सिफारिस

- कमजोर कार्यसम्पादन भएका विद्यालय लक्षित सहयोगका कार्यक्रम ल्याउने विशेष व्यवस्था गरिनुपर्ने।
- पेसागत विकासका अवसर वृद्धि गर्ने कार्यक्रम ल्याई त्यसमा सबै शिक्षकको पहुँच सुनिश्चित गर्ने।
- विद्यालयहरूलाई कार्यसम्पादनका कमजोर पक्षहरूलाई विश्लेषण गरी योजना तथा कार्यक्रम निर्माण गराई कार्यान्वयन गराउन सहयोग पुऱ्याउने।
- शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधिको प्रयोग, कार्यमूलक अनुसन्धान र शिक्षण सुधार योजनाको प्र.अ. र स्थानीय निकायबाट प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने।
- राम्रो कार्यसम्पादन गर्ने विद्यालयमा कमजोर कार्यसम्पादन भएका विद्यालयले सिकाइ आदान प्रदान गर्न अवलोकन भ्रमणको अवसर र कार्यक्रम बनाउने, सोआधारमा सुधार कार्य गर्ने।
- अधिकांश विद्यालयका कक्षाहरूमा शैक्षिक सामग्रीहरूको प्रयोग न्यून हुने गरेको पाइएको तथा नवीनतम प्रविधिहरू पनि प्रयोग गरेको नपाइएको हुनाले समयसापेक्ष नवीन प्रविधि, सिर्जनात्मक विधि र शैक्षिक सामग्रीहरू प्रयोगमा प्राथमिकता दिने।

- विद्यालयहरूमा निरन्तर परीक्षण प्रभावकरी रूपमा सञ्चालन भएको नपाइएकोले निरन्तर परीक्षणलाई प्रभावकारी बनाउन कार्यक्रम बनाई कार्यान्वयन गर्ने।
- विद्यालयमा गुणात्मक सुधार ल्याउनका लागि निरन्तर सुपरिवेक्षण तथा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने। त्यसका लागि जिल्लाको समन्वय इकाइ तथा स्थानीय तहको शिक्षा हेर्ने पदाधिकारी, स्रोतव्यक्ति, अनुभवी शिक्षकहरूको संयन्त्र बनाई निरन्तर अनुगमन गर्ने।
- विद्यालय तथा समुदायको सम्बन्ध अधिकांश ठाउँमा कमजोर पाइएको कारणबाट विद्यालय तथा समुदायबिचको सम्बन्ध सुधार हुने कार्यक्रम ल्याइनु पर्ने।
